# परमेश्वरलाई चिन्न अरुलाई सहायता गर्नुहोस

अनुबादकको निम्ति

# परिचय

जीवन एक यात्रा हो। परमेश्वरले तपाईलाई प्रेम गर्नुहुन्छ र त्यो यात्रामा तपाई सफल हुनुभएको देख्न चाहनुहुन्छ। तपाई लगायत प्रत्येक ब्यक्तिको जीवनको सफलता उनीहरुले आफ्नो जीवनमा परमेश्वरको अद्भुत् उद्धेश्यहरु पुरा गरेको छ कि छैन भनेरनै निर्धारण गरिनेछ। तपाईले रोजेको मार्गबाटै तपाईले उहाँको अनन्तको राज्यमा उहाँको आशिषमा बिताउन चाहनुहुन्छ कि कहिले अन्त नहुने पिडामा बिताउनु हुनेछ त्यो अब तपाईमा भर पर्ने कुरो हो। सहि मार्ग पहिल्याएर परमेश्वरको उद्धेश्यहरु भेटाउएर पुरा गर्नको निम्ति तपाईले प्रत्येक दिन परमेश्वरलाई चिन्नु आवस्यक छ। यो निर्देशिका हामीले त्यहि उद्धेश्यको निम्ति तयार पारेको हो।

प्रत्येक पाठमा तिन भागहरुछन: (१) बचन अध्ययन अथवा टिप्पणीहरु, (२) प्रश्नहरु, र (३) बचन कण्ठ तथा ब्यबहारिक प्रस्तावनाहरु। बचन अध्ययनले तपाईलाई परमेश्वरको बचनको सत्यता बुझ्न र बिश्वासमा बढ्न सहायता गर्नेछ। प्रश्नहरुले तपाईलाई सत्यतामा जिउन सहायता गर्नेछ। बचन कण्ठ पार्नेकामले तपाईलाई सत्यता आफ्नो हृदयमा लुकाउन सहयोग गर्नेछ। ब्यबहारिक प्रश्नहरुले तपाईले कति सिक्नुभएको छ भनेर जाँच्न सहायता गर्नुहुनेछ।

यस अध्ययन निर्देशिकामा तपाईले येशूले आफ्नो चेलाहरुलाई दिनुभएको महान आज्ञाको बारेमा थाहा पाउनु हुनेछ र त्यो पुरा गर्न कस्तो तयारी गर्नुपर्छ र कसरी गर्नुपर्छ भनेर थाहा पाउनु हुनेछ।

प्रार्थनाको साथ सबै पाठहरु शुरु गर्नुहोस। आफ्नौ भाषामा उत्तरहरु लेख्नुहोस। तपाईले के सिक्नुभएको छ त्यसैमा जिउन परमेश्वरले सहायता गरुन् भनेर प्रार्थना गर्नुहोस। प्रभुलाई अझ "चिन्दै उहाँमा बढ्नको" निम्ति परमेश्वरले आशिष दिउन्।

# पाठ १

बचन अध्ययनः प्रश्न पढ्नुहोस र उत्तर दिनुहोस । परमेश्वरले के भन्दैहुनुहुन्छ त्यो अध्ययन गर्नुहोस् । अध्ययनको समयमा परमेश्वरले के देखाउनुहुन्छ त्यसै अनुरुप प्रश्नहरुको उत्तर आफ्नै तरिकाले दिनुहोस ।

१. येशूलो हामीलाई क भनेर महान आज्ञा दिनुभएको छ ? मत्ती २८ः १९-२०

२. चेला भनेको के हो ? प्रेरित ११ः२६

३. चेला बन्ने प्रकृया के के हो ? रोमी १०ः ९-१०, लूका १४ः २६-२७, ३३

४. एउटा ब्यक्ति चेला भएर कसरी जिउन सक्छ ? लूका ९ः२३, रोमी १२ः१-२

५. परमेश्वरसँग सम्बन्ध बनाईराख्न कुनै पनि चेलाले के गर्नु आवस्यक छ : लूका ४ः४, मत्ती २६ः४१

६. मानिसहरुको बिचमा साक्षी बन्नको निम्ति चेलाहरुले कसरी जिउनु पर्छ ?

७. एउटा चेलाको जीवनमा तिन चरणहरु हुन्छन् ति के के हुन् ?

| चरण | के हुन्छ |
|---|---|

८. हामीहरु “परमेश्वरलाई चिन्न”को निम्ति हाम्रो जीवनबाट कस्तो किल्लाहरुलाई भत्काउनु पर्छ र त्यसको ठाउँमा के राख्नुपर्छ ? एफिसी ४:१७-५:१७

९. हामी आत्मिक रुपमा बृद्धिहुने क्रममा परमेश्वरले हामीलाई कस्तो चरित्र दिनुहुन्छ ? फिलि २:५-८

१०. चेलाहरु आत्मिक रुपमा परिपक्व हुदै जाने क्रममा तिनीहरुले के कुरा सिक्नु पर्छ ? २ तिमो १:९, एफिसी ५:१७

बेसिक प्रश्नहरुः तपाईको अध्ययनको क्रममा परमेश्वरले देखाउनुभएको सत्यताहरुमा जिएर *परमेश्वरमा अगाडी बढ्न* सहयता पुगोस भनेर यो प्रश्नहरु तयार पारेका हौ ।

१. येशूको निम्ति बाँचेर र परमेश्वरसँग संगती गर्न परमेश्वरले तपाईलाई चेलाहुन बोलाउनु भएको छ भनेर के तपाईले आफुलाई देख्नुहुन्छ ?

२. के तपाईलाई थाहा छ सबै सेवाकाईहरुको मुख्य उद्धेश्य भनेको चेला बनाउनु हो ? थाहा छ ... थाहा छैन । यदि छैन भने आजै देखि यो सत्य मलाई बुझ्काउनुहोस भनेर परमेश्वरमा प्रार्थना गर्नुथाल्नुहोस र त्यसैमा जिउन शुरु गर्नुहोस ।

३. के तपाईलाई थाहा छ चेलाहुनु भनेको साँचो बास्तविक बृद्धि गर्ने एउटा तरिका हो र तपाईको जीवनमा परमेश्वरको उद्धेश्य पुरा चेला हुनेछ ? थाहा छ... थाहा छैन ... । यदि थाहा छैन भने यो सत्य मलाई बुझ्काउनुहोस भनेर परमेश्वरमा प्रार्थना गर्नुथाल्नुहोस र त्यसैमा जिउन शुरु गर्नुहोस ।

४. के तपाईलाई थाहा छ *परमेश्वरमा अगाडी बढ्न* अरुलाई सहायता पुऱ्याउनु भनेको शैतानको किल्लाहरु भत्काउनु र कमजोरीहरु माथि बिजय प्राप्त गर्नुपनि हो ? थाहा छ... थाहा छैन ... । यदि थाहा छैन भने मलाई सहायता गर्नुहोस भनेर प्रार्थना गर्नुहोस ।

५. के तपाई चेला हो? हो... होइन ..., यदि होइन भने, मलाई त्यो चाहना दिनुहोस भनेर प्रार्थना गर्नुहोस । परमेश्वरसँग संगती गर्नुहोस र सधै येशूको निम्ति जिउनुहोस ।

कण्ठ पार्ने बचनः मत्ती २८:१८-२० कण्ठ पारेर परमेश्वरको बचन आफ्नो मनमा लुकाउनुहोस ।

# पाठ २

# अरुलाई कसरी सिकाउने

**बचन अध्ययन:** प्रश्न पढ्नुहोस र उत्तर दिनुहोस । परमेश्वरले के भन्दैहुनुहुन्छ त्यो अध्ययन गर्नुहोस् । अध्ययनको समयमा परमेश्वरले के देखाउनुहुन्छ त्यसै अनुरुप प्रश्नहरुको उत्तर आफ्नै तरिकाले दिनुहोस ।

१. परमेश्वरले कुन दुई कुराहरु प्रयोग गरेर हामीलाई बचाउन चाहनु हुन्छ र येशूको निम्ति जिउन सहायता गर्नुहुन्छ ? रोमी १०:१७, यूहन्ना १६:७-११, १३

२. अरुलाई मद्दत गर्दा र साक्षी दिदा हामीलाई कस्ले बिरोध गर्छ ? एफिसी ६:१२

३. हामीले शैताकि शक्तिहरु माथि बिजय प्राप्त गरेर चेला बनाउनको निम्ति हामीले के प्रयोग गर्नुपर्छ ? २ कोरिन्थी १०:४-५, एसिसी ६:१३-१८

४. हामीले चेला बनाउनको निम्ति बचनलाई के गर्नुपर्छ र त्यस्तो काम गर्नको निम्ति हाम्रो चरित्र कस्तो हुनुपर्छ ? २ तिमोथी २:१६, ४:२

५. "परमेश्वरलाई चिनेर अगाडी बढ्न" मानिसहरुलाई सहायता पुगोस भनेर हामीले कसरी प्रार्थना गर्ने ? १ तिमोथी २:१-४, फिलिप्पी ४:६, याकुब ५:१६

६. येशूको चेलाहरुलाई खीष्टको जस्तो मन बनाउन र तिनीहरुको जीवनमा उहाँको उद्धेश्य पुरा गर्नको निम्ति के भनेर हौशला दिने ? २ पत्रूस १:५-११

७. तपाईहरुले चेलाहरुलाई जीवनको समस्याहरुको बारेमा र त्यसलाई समाधान गर्ने बारेमा के सिकाउनु हुन्छ ? १ पत्रूस १:६-७, रोमी ५:३-५

८. यदि कुनै ब्यक्तिलाई सहि तरिकाले “परमेश्वरलाई चिनेर अगाडी बढ्नु” जानेको छ भने उसले के गर्नु सक्दछ ? फिलिप्पी २:१२-१३

बेसिक प्रश्नहरु: तपाईको अध्ययनको कममा परमेश्वरले देखाउनुभएको सत्यताहरुमा जिएर *परमेश्वरमा अगाडी बढ्न* सहयता पुगोस भनेर यो प्रश्नहरु तयार पारेका हौ ।

१. अरुलाई सिकाउने कममा के तपाईले आफ्नो सामर्थ्य र दक्षता भन्दा पबित्र आत्मा माथि निर्भर रहनुहुन्छ ? निर्भर रहन्छु, ... रहदिन ...। यदि रहनु हुन्न भने, आज देखिनै प्रार्थना गरेर सिकाउदा पबित्र आत्मा र बचन माथि निर्भर हुन सहायता गर्नुहोस भनेर प्रार्थना गर्न थाल्नुहोस ।

२. के तपाईले सिकाउने बखत शैतानी सक्तिको प्रभाव महसुस गर्नुभएको छ ? छु ... छैन ... शैतानिक सक्तिको महसुस गर्न सकु भनेर प्रार्थना गर्नु थाल्नुहोस ।

३. शैतानको बिरुद्ध लड्न के तपाईले सबै आत्मिक हातहतियारहरु तयारी अवास्थामा राख्नुभएको छ ? छु ... छैन ..., यदि छैन भने परमेशश्वरको खोजी गर्नहोस र आफ्नो कमजोर क्षेत्रहरुको पहिचान गर्नुहोस् ।

४. के तपाईले अरुले पनि आफ्नो कमजोर क्षेत्रहरु पहिचान गरेर बलियो बन्न सहायता पुऱ्याउनु भएको छ ? छु ..., छैन..., यदि छैन भने आजैबाट गर्न सुरु गर्नुहोस ।

५. के तपाईले अरुहरुलाई सेवा दिनको निम्ति सबै प्रकारको बचनहरु प्रयोग गर्नुभएको छ ? छु ..., छैन..., यदि छैन भने, आजैबाट गर्न सुरु गर्नुहोस ।

६. अरुहरुले पनि शैतानी सक्तिमाथी बिजय प्राप्त गर्नसकुन भनेर के तपाईले अन्तरबिन्तिको प्रार्थना गर्नुभएको छ ? छु ..., छैन..., यदि छैन भने, आजैबाट गर्न सुरु गर्नुहोस ।

७. के तपाईले अरुहरु पनि बचन अनुसार जिएर धैयता बिकास गर्न आत्मिक रुपमा अघि बढ्न सकुन भनेर अगुवाई गर्नुभएको छ ? छु ..., छैन..., यदि छैन भने, आजैबाट गर्न सुरु गर्नुहोस ।

८. के तपाईले अरुहरुले जीवनको समस्याहरुमा प्रशंसाको भावना बिकास गर्नुपर्छ भनेर सहायता गर्नुभएको छ ? छु ..., छैन..., यदि छैन भने, आजैबाट गर्न सुरु गर्नुहोस ।

९. के मानिसहरु, तपाईले सिकाउनु भइसकेपछि तपाईबिना पनि ख्रीष्टमा जिउन सक्ने भएका छन् ? छ..., छैन ..., यदि छैन भने किन रैछ त भनेर तुरन्तै समस्या पत्ता लगाउनु होस ।

कण्ठ पार्ने बचन : **<u>फिलिप्पी ४:६</u>** कण्ठ पारेर परमेश्वरको सत्यता आफ्नो हृदयमा राख्नुहोस ।



**अरुहरुलाई येशूको बारेमा बताउन हामी**

**आफैपनि पवित्र आत्माको शक्तिमा**

**हिड्न जरुरी छ ।**

## पाठ ३

## ब्यक्तिगत तयारी

बचन अध्ययनः प्रश्न पढ्नुहोस र उत्तर दिनुहोस । परमेश्वरले के भन्दैहुनुहुन्छ त्यो अध्ययन गर्नुहोस् । अध्ययनको समयमा परमेश्वरले के देखाउनुहुन्छ त्यसै अनुरुप प्रश्नहरुको उत्तर आफ्नै तरिकाले दिनुहोस ।

१. अरुलाई सिकाउन अघि हामी आफैले पहिला के गर्नुपर्छ ? मत्ती ७:३-५ ।

२. त्यसो गरेनौ भने के हुन्छ ? १ कोरिन्थी ९:२७ ।

३. तल दिइएको बचनहरु अनुसार, अरुलाई सिकाउन सक्ने हुनलाई बचनलाई हामीले के गर्नुपर्छ?

एफिसी ३:४

२ तिमोथी २:१५

भजन संग्रह १

भजन संग्रह ११९:११

रोमी ६:१७-१८

१ यूहन्ना १:१-३

हबकुक २:२

४. तल दिइएको बचनहरु अनुसार, अरुलाई सिकाउन सक्ने हुनलाई हामीले कसरी प्रार्थना गर्नुपर्छ?

मत्ति २६:४१

१ तिमोथी २:१-३

मत्ती ६:९-१३

५. तल दिइएको बचनहरु अनुसार, हामीले आत्मिक हातहतियार कसरी धारण गर्नुपर्छ?

सत्यताको पेटी यूहन्ना १७:१७, २ यूहन्ना ४,

धार्मिक्ताको छातीपाता, रोमी १०:९-१०, लूका १४:२६, २७, ३३, १ यूहन्ना २:२९

शानितको सुसमचारको जुत्ता, रोमी १०:१४-१५

बिश्वासको ढाल भजन संग्रह ३३:२०-२१

मुक्तीको टोप फिलिप्पी ४:८

आत्माको तरवार हिब्रु ४:१२, २ तिमोथी २:१५

प्रार्थना, छुटकाराको बाण एफिसी ६:१८।

६. बचनहरु अनुसार, अरुलाई सिकाउन सक्ने हुनलाई हामीसँग कस्तो प्रकारको चरित्र हुनुपर्छ?मर्कुस १०:४३-४५, यूहन्ना १३:१४-१७

बेसिक प्रश्नहरु: तपाईको अध्ययनको कममा परमेश्वरले देखाउनुभएको सत्यतामा जिउनको निम्ति *"अझ परमेश्वरलाई चिन्न" सहायता पुगोस भनेर ।*

१. के तपाई अरुलाई येशूको बारेमा सिकाउनको निम्ति तपाई आफैपनि समस्याहरुको सामना गर्नुभएको छ ? छु ..., छैन ..., यदि छैन भने मलाई सहायता गर्नुहोस भनेर प्रार्थना गर्नुहोस ।

२. के तपाई अरुलाई सिकाउन सक्ने हुनलाई बचनलाई जे गर्नुपर्नेहो सो गरिरहनुभएको छ ? छु ..., छैन ..., यदि छैन भने मलाई सहायता गर्नुहोस भनेर प्रार्थना गर्नुहोस ।

३. के तपाईसँग प्रार्थनाको सुची छ र बचनले भने जस्तै आफ्ना निम्ति र अरुको निम्ति प्रार्थना गर्दैहुनुहुन्छ ? छु ..., छैन ..., यदि छैन भने मलाई सहायता गर्नुहोस भनेर प्रार्थना गर्नुहोस ।

४. के तपाईले आफ्नो हातहतियार बचनले भने जस्तै गरी धारणा गर्नुभएको छ ? छु ..., छैन ..., यदि छैन भने मलाई सहायता गर्नुहोस भनेर प्रार्थना गर्नुहोस ।

५. के तपाईसँग अरुलाई सिकाउनको निम्ति दासको हृदय छ कि संसारिक मालिकको जस्तो चरित्र छ ? छु ..., छैन ..., यदि छैन भने मलाई दासको जस्तो हृदय बन्न सहायता गर्नुहोस भनेर प्रार्थना गर्नुहोस ।

कण्ठ पार्ने बचन : **मर्कुस १०:४४** कण्ठ पारेर परमेश्वरको सत्यता आफ्नो हृदयमा राख्नुहोस ।




**हामीले परमेश्वरसँग समय बितायौ भने परमेश्वरले हामीलाई अरुलाई सिकाउनको निम्ति तयार पार्नुहुन्छ ।**

# पाठ ४

# संगती

बचन अध्ययन: सबै बुँदाहरु पढ्नुहोस । परमेश्वरले के भन्दैहुनुहुन्छ र तपाईले त्यसलाई कसरी पालना गर्ने भन्ने बारेमा सोच्नुहोस ।

**संगतीको उद्धेश्य:** नयाँ चेलाहरुलाई येशूको निम्ति राम्ररी जिउन परमेश्वरमा तिनीहरुलाई स्थापित गर्नुहो ।

**संगतीको लक्ष्य:** नयाँ बिश्वासीहरुलाई

१. दैनिक बाइबल अध्ययन

२. दैनिक प्रार्थना

३. पानीको बप्तिस्मा

४. पबित्र आत्माद्धारा भरपुर जीवन

५. अरु बिश्वासीहरुसँग संगती

६. तिनीहरुको जीवनको निम्ति परमेश्वरको इच्छा खोजीगरिदिन ।

**नयाँ बिश्वासीहरुलाई यी कदमहरु सिकाउनुहोस:**

१. नयाँ बिश्वासीसँग भेटघाटको निम्ति समय मिलाई हाल्नुहोस । २४ घण्टा भित्रै भेट्नु गइहाल्नुहोस् । बचन अध्ययन तथा सम्बन्ध बिस्तारको निम्ति समय छुट्याउनु होस् ।

२. बचन बाड्न शुरु गर्नुहोस । पहिलो भेटमा नै “प्रत्येक दिन परमेश्वरलाई चिन्दै अघि बढौ” पाठ शुरु गर्नुहोस ।

३. अरु बिश्वासीहरुको साथमा सभा सम्मेलनमा लैजानुहोस् ।

४. सम्भव भए सम्म नयाँ बिश्वासी विश्वासमा स्थापित नभएसम्म हप्तामा कम्तिमा पनि २ पल्ट सम्म संगती दिनुहोस् ।

५. तिनीहरुलाई परमेश्वरसँग नजिक होस भनेर दिनहु समय दिन लगाउनुहोस, पानीको बप्तिस्मा, आत्माले भरपुर जीवन र तिनीहरुको जीवनको निम्ति परमेश्वरको इच्छा खोज्ने जस्ता बिषयमा मद्दत गर्नुहोस् ।

६. सल्लाह दिनको निम्ति अथवा कुनै खाँचो परेको बेला जान तयार भएर बस्नहोस ।

बेसिक प्रश्नहरु: तपाईको अध्ययनको क्रममा परमेश्वरले देखाउनुभएको सत्यतामा जिउनको निम्ति *"अझ परमेश्वरलाई चिन्न" सहायता पुगोस भनेर ।*

के तपाईले पाठमा सिकाए जस्तै संगतीको नियमहरु प्रयोग गर्दै हुनुहुन्छ? गर्दैछौ ..., छैनौ ..., यदि छैन भने आजैबाट शुरु गर्नुहोस ।

**ब्यबहारिम काम:** तपाईले संगती दिने मानिसहरुलाई यहि निर्देशिका प्रयोग गरी शिकाउन शुरु गर्नुहोस ।

# पाठ ५

# याद गर्नुपर्ने बुँदाहरु

बचन अध्ययन: सबै बुँदाहरु पढ्नुहोस । परमेश्वरले के भन्दैहुनुहुन्छ र तपाईले त्यसलाई कसरी पालना गर्ने भन्ने बारेमा सोच्नुहोस ।

**हाम्रो उद्धेश्य भनेको येशूको चेलाहरु उत्पादन गर्नुहो :** मत्ती २८:१८-२० ले भन्दछ हाम्रो लक्ष्य भनेको येशूको चेला बनाउनु (जो आफ्नो सम्पुर्ण हृदयले येशूको निम्ति जिउछ) । चेला बनाउनको निम्ति सबैभन्दा पहिला आफै चेला बन्नु पर्छ । मानिसहरुलाई परमश्वरलाई प्रेम गर्ने बनाउनु भनेको येशूले क्रुशमा गर्नुभएको कुरा बताउनु हो र कसरी "उहाँलाई चिनेर बढ्नु" भनेर सहायता गर्नु हो । यो शिक्षक निर्देशिकाले यहि कुरा गर्न सिकाउछ ।

**नयाँ बिश्वासीलाई सिकाउँदा :** नयाँ बिश्वासीहरुलाई सिकाउदा नयाँ करारको लेखकले प्रस्तुत गरेको मुख्य चार आधारभुत क्षेत्रहरुमा ध्यान दिनुहोस ।

क. ब्यक्तिगत जीवन

ख. पारिवारिक जीवन

ग. येशूको अरु चेलाहरुसँग संगती

घ. अरुलाई येशूको बारेमा बताउनु

नयाँ बिश्वासीहरुलाई सिकाउदा तिनीहरुले पनि बचनको मनन गरोस र सामान्य प्रश्नहरु सोध्नुहोस र ती कुराहरु उनीहरुको दैनिक जीवनमा लागु गर्न सहायता गर्नु होस ।

**चेला भनेको को हो?**

याद गर्नुहोस चेला भनेको त्यो ब्यक्ति हो जसको परमेश्वरसँग दैनिक संगती हुन्छ । ताकि तिनीहरु परमेश्वरमा जिउन सकुन् ।

परमेश्वरसँगको दैनिक संगतीमा यी कुराहरु हुन आवस्यक छ :

क. बचन (जिवनको रोटी)

१. पढ्नुहोस् एफिसी ३:४,

२. अध्ययन गर्नुहोस २ तिमोथी रु १५,

३. त्यसमा ध्यान गर्नुहोस भजन संग्रह १,

४. कण्ठ पार्नुहोस भजन संग्रह ११९:११,

५. लेख्नुहोस हबकुक २:२,

६. जिउनुहोस रोमी ६:१७-१८,

७. बाडचुड् गर्नुहोस १ यूहन्ना १:१-३,

ख. प्रार्थना

१. आफ्नै लागि गर्नुहोस मत्ती २६:४१,

२. अरुको निम्ति गर्नुहोस १ तिमोथी २:१,

येशूमा जिउँदा यी कुराहरु हुनुपर्दछः

क. अरु चेलाहरुसँग संगती, यूहन्ना १३:३५,

ख. येशूको बारेमा अरुलाई बताउनुहोस मत्ती ५:१६,

यदि हामी चेला हौ भने आत्मिक रुपमा हामी बढ्दै जान्छौ। १ यूहन्ना २:१२-१४ अनुसार आत्मिक बृदिको तिन चरणहरु:

क. बालक

ख. किशोर

ग. बयस्क

**आत्मिक बृदिमा यी कुराहरु हुन्छ :**

क. शैतानको किल्लाहरु भत्काउने र कमजोरीहरु माथी विजय एफिसी ४:१७-५:१६,

ख. ख्रीष्टको मनको स्थापना २ पत्रूस १:५-१०,

ग. हाम्रो जीवनको निम्ति परमेश्वरको उद्धेश्य प्राप्त गर्नु र पुरा गर्नु, २ तिमोथी १:९, एफिसी ५:१७,

**चेलापन** कुनै ब्यक्तिलाई साँस्कृतिक कुरितीहरु र आफ्नो कमजोरी पत्ता लगाएर त्यसमाथि बिजय प्राप्त गर्नु हो, बचन र प्रार्थनाको सेवाकाईद्धारा ब्यक्तिगत जीवन, पारिवारिक जीवन, मण्डली जीवन र सुसमचार जस्ता बिषयमा सामान्य बाइबल शिद्धान्तहरु बुझ्न सहायता गर्नु हो र सेवाको निम्ति उक्त ब्यक्तिलाई तयार पार्नुहो।

सेवाकाईको काम भनेको येशूले शुरु गर्नुभएको कामको निरन्तरता हो। यसमा यी कुराहरु हुन्छन :

क. प्रार्थना

ख. परमेश्वरको बचनाको बाङ्चुड

ग. मानिसहरुको खाँचोमा सहयोग गर्नु

परमेश्वरले मानिसहरुलाई तिनीहरुको सबै समस्याहरुमा बिजय दिनु चाहनुहुन्छ, उहाँको सेवामा प्रयोग गर्न चाहनुहुन्छ र सधैको निम्ति आशिष दिन चाहनु हुन्छ।

**चेला बनाउने (पाका आत्मि दाजु तथा दिदि)** : एउटा ब्यक्ति जसले शैतानको किल्लाहरु र तिनीहरुले आफ्नो जीवनमा भएको सबै समस्यहरु प्रार्थना र बचनद्धारा समाधान गरिसकेको र आफ्नो सारा हृदयले येशूको निम्ति बाँचिरहेका मानिसहरु नै चेला बनाउने ब्यक्तिहरु हुन्।

चेलापनको ब्यबहारिक कदमहरु :

क. येशूको नयाँ चेलाहरुको बारेमा जानकारी लिनुहोस, जस्तै नाम ठेगाना,

ख. बाइबल अथवा नयाँ करार दिनुहोस र पढन सिकाउनुहोस,

ग. जति सक्दो चाडो ब्यक्तिगत रुपमा भेट्नुहोस नभए फोनबाट भए पनि भेट्नुहोस,

घ. परमेश्वरलाई कसरी चिन्ने भन्ने बारेमा बाइबल अध्ययन पुस्तिकाबाट पढ्नुहोस, पारिवारिक जीवन, येशूको अरु बिश्वासीहरुसँग संगती गर्नुहोस र अरुलाई पनि येशूको बारेमा बताउनु होस् ।

**बेसिक प्रश्नहरुः** तपाईको अध्ययनको कममा परमेश्वरले देखाउनुभएको सत्यतामा जिउनको निम्ति *"अझ परमेश्वरलाई चिन्न" सहायता पुगोस भनेर ।*

१. के तपाई येशूको चेला हुनुहुन्छ ? हुँ..., छैन..., यदि हुनुहुन्न भने आजै हुनुहोस ।

२. के तपाईले पढनुभयो र प्रभुमा बढ्दै हुनुहुन्छ ताकि तपाईले अरुलाई सिकाउन सक्नुभएको होस् । पढ्दैछु..., छैन..., यदि पढ्दै हुनुहुन्न भने, आजै बाट गर्नुहोस् ।

३. के तपाईले निर्देशिका प्रयोग गरेर जति सक्दो धेरै मानिसलाई परमेश्वरको बारेमा सिकाउन खोज्दै हुनुहुन्छ? छु..., छैन..., यदि छैन भने आजै बाट शुरु गर्नुहोस् ।

**ब्यबहारिम कामः** तपाईले संगती दिने मानिसहरुलाई यहि निर्देशिका प्रयोग गरी शिकाउन शुरु गर्नुहोस ।

WOULD YOU LIKE TO KNOW HOW TO MAKE THE WORLD A BETTER PLACE?

WOULD YOU LIKE TO KNOW THE LAST GREAT COMMAND

GOD GAVE MANKIND, AND HOW TO FULFILL IT?

WOULD YOU LIKE TO HELP OTHERS OVERCOME THEIR PROBLEMS?

WOULD YOU LIKE TO KNOW HOW TO HELP OTHERS

LIVE A CONSISTENT VICTORIOUS LIFE?

WOULD YOU LIKE TO SHARE WITH A FRIEND OR LOVED

ONE ABOUT HOW TO "GROW TO KNOW GOD?"

!!THEN THIS BOOK IS FOR YOU!!

Compiled by Henry Pulsifer

This is one of a series of booklets designed to help you live a successful, victorious, life. Henry has experienced the victory that comes from living for Jesus for over 40 years; including God's healing from Cancer as he walked with the cross. Since his healing he has traveled the world sharing Jesus and helping others learn how to find victory and success by living for Jesus, and fulfilling God's purpose for their life.

Out of this experience he has compiled several foundational learning guides which enable people to *grow to know God*, and understand and live the basic Bible principles for success and victory in life. This particular learning guide is designed to show you how you can *grow to know God* by helping others find success and victory in their personal life, as a follower of Jesus. It can also be used to help you teach others, and is appropriate for individuals or groups.

COPYRIGHT 1990 ALL RIGHTS RESERVED

No part of this study may be reproduced without permission from the publisher.

Except, portions may be reproduced if distributed free of charge.

Proper credit should be given for the source of the material.

PUBLISHED BY:

BROTHERS & SISTERS IN CHRIST

P.O. Box 633

Grapevine, TX 76099

USA

Phone (228) 255-9251

Email [basic@basicministries.com](mailto:basic@basicministries.com)

web page [www.basicministries.com](http://www.basicministries.com)

समाप्त